# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ६६**
**(मिति: २०७८/०६/२०)**

विषय:-

१. नवनियुक्त मा. परराष्ट्र मन्त्रीज्यूलाई बधाई तथा शुभकामना ज्ञापन।

२. विविध।

## छलफल तथा निर्णय:-

समितिको आजको बैठकमा नवनियुक्त मा. परराष्ट्र मन्त्री डा. नारायण खड्काज्यूलाई बधाई तथा शुभकामना ज्ञापन गरियो। बधाई तथा शुभकामना ज्ञापन गर्ने क्रममा माननीय सभापति एवं सदस्यहरुले परराष्ट्र मामिला सम्बन्धी विभिन्न विषयहरु राख्नुका साथै परराष्ट्र मन्त्रालयलाई समिति गठन भएदेखि हालसम्म समितिका बैठकहरु एवं प्रतिवेदनहरुमार्फ दिइएका विभिन्न सुझाव तथा निर्देशनहरु कार्यान्वयनमा मन्त्रीज्यूको विशेष पहल एवं तदारुकता रहनेछ भन्ने कुरामा समिति विश्वस्त र आशावादी रहेको धारणा राख्नुभयो।

यसपछि नेपाल सरकारका नवनियुक्त मा. परराष्ट्र मन्त्रीज्यूले समितिका माननीय सदस्यहरुले उठाउनुभएका विभिन्न विषयहरु: एमसिसि, बिआरआई, राजदूतहरूको नियुक्ति, छिमेकी मुलुकहरूसँगको कूटनीतिक एवं सीमा सम्बन्धी समस्या, अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागी हुँदा समितिका सदस्यहरूलाई समेत सहभागी गराउने, परराष्ट्र नीतिलाई सर्वसम्मत बनाउने, मुलुकको कूटनीतिमा सम्पूर्ण दलहरू एक हुनुपर्ने लगायत हालै सम्पन्न भएको संयुक्त राष्ट्र संघको महासभा र सोमा नेपालको तर्फबाट प्रस्तुत धारणा तथा निकट भविष्यमा सर्वियाको राजधानी बेलग्रेडमा हुन गइरहेको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन सम्बन्धमा समितिलाई जानकारी गराउँदै आफ्ना भनाई राख्नुभएको थियो।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।